# बुद्धभूमि नगरपालिकाको
# अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५
## पहिलो संशोधन , २०७९

## कार्यपालिकाबाट स्वीकृत मितिः- २०७९।०५।५

बुद्धभूमि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुड्ढी, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हुँगानचोक, बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

# अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति:- २०७९/०५/५

**प्रस्तावना:-**

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि -२००६ ( Convention on the Rights of Persons with Disabilities (CRPD) को उद्देश्य, मर्म र भावना बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण कार्यविधि बनाउन वाञ्छनिय भएकोले,अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले उपलब्ध गराएको नमूना अनुसार गर्न आवश्यक भएकोले यो कार्यविधि बुद्धभूमी नगरपालिकाले संशोधन सहित जारी गरेको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि बुद्धभूमि राजपत्रमा प्रकाशित भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. मुल कार्यविधिको परिच्छेद ३ को दफा ६ (१) (ग) मा भएको "वा स्रोत व्यक्ति" भन्ने वाक्यशं हटाउने।

३. मुल कार्यविधिको परिच्छेद ३ को दफा ६ (१) (घ) मा भएको "नगर कार्यपालिका प्रमुखले तोकेको स्थानीय भन्ने वाक्यशंको सट्टा "नगर प्रमुखले तोकेको" भन्ने वाक्यशं थप गरिएको।

४. मुल कार्यविधिको परिच्छेद ३ को दफा ६ (१) (ङ) मा भएको "नगर उप प्रमुखले तोकेको नगरपालिकाको कर्मचारी सदस्य भन्ने वाक्यशंको सट्टा सामाजिक विकास शाखा उपशाखा प्रमुख सदस्य-सचिव" भन्ने वाक्यशं थप गरिएको।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख